# 'व्यापार घाटा कम गर्न बिजुलीमात्र विकल्प'



**नागरिक संवाददाता**

*काठमाडौं, वैशाख २४*

विश्व बैंकका दक्षिण एसिया क्षेत्र प्रमुख अर्थशास्त्री डेभिड गोल्डले नेपालको व्यापार घाटा अहिलेको वस्तु निकासीले कम गर्न नसक्ने बताएका छन्।

'नेपालको अहिलेको व्यापार घाटा नियन्त्रण गर्न वस्तु निकासीबाट मात्रै सम्भव छैन,' विश्व बैंकले मंगलबार गरेको छलफल कार्यक्रममा उनले भने, 'यसका लागि विद्युत बिक्रीबाट मात्र सम्भव छ।' चालु आर्थिक वर्षको नौ महिनामा नेपालको व्यापार घाटा ३ खर्ब ८५ अर्ब छ। यो पाँच अर्ब नाघ्ने देखिन्छ। गोल्डले नेपालको तुलनात्मक लाभको क्षेत्र जलविद्युत भएको बताउँदै यसमा विदेशी लगानी भित्र्याउन पहल गर्नुपर्नेमा जोड दिए।

'नेपालको सबैभन्दा तुलनात्मक लाभको क्षेत्र जलविद्युत हो। यसमा विदेशी लगानी आउन सकेको छैन,' उनले भने, 'जलविद्युतमा लगानी नआउँदा अपार जलस्रोत त्यसै खेर गइरहेको छ।' उनले दक्षिण एसियामा जलविद्युत उत्पादन बिक्रीका लागि प्रसारण लाइन निर्माणमा पहल आवश्यक रहेको बताए।

'नेपाल-भारत-भुटान-बंगलादेशबीच ऊर्जा आदान/प्रदान गर्न सकिन्छ,' गोल्डले भने, 'त्यसका लागि प्रसारणलाइन निर्माणमा ध्यान दिनुपर्छ।' उनले दक्षिण एसियाली क्षेत्रको व्यापार बढाउन पूर्वाधार विकासमा जोड दिनुपर्ने बताए।

साउथ एसिया वाच अन ट्रेड एन्ड इनभायोरेमेन्ट(साउती)का कार्यकारी अध्यक्ष पोषराज पाण्डेले दक्षिण एसियाली क्षेत्रमा तीनवटा अवधारणाको अभाव रहेको बताए।

'दक्षिण एसियाली क्षेत्रमा व्यापार, विश्वास र संस्थाको अभाव छ,' उनले भने, 'यही अभावका कारण दक्षिण एसियाली क्षेत्रको व्यापारमा उल्लेख्य प्रगती हुन सकेको छैन।' उनले क्षेत्रीय व्यापार बढाउन पारवहन विस्तारमा ध्यान दिनुपर्ने बताए।

'यो क्षेत्रको व्यापार विस्तारका लागि पारवहन मार्गको विस्तारमा जोड दिनुपर्छ। पूर्वाधार निर्माणतर्फ पहल गर्नुपर्छ,' पाण्डेले भने। उनका अनुसार दक्षिण एसियाली क्षेत्रमा भन्सारभन्दा गैरभन्सार अवरोधका कारण व्यापार विस्तार हुन सकेको छैन।

'यी क्षेत्रका मुलुकमा गैरभन्सार अवरोधले व्यापार विस्तार हुन सकेको छैन। यसलाई हटाउनेतर्फ सामूहिक पहल आवश्यक छ,' उनले भने। पाण्डेले क्षेत्रिय व्यापार विकासका लागि अन्तरदेशीय लगानी आवश्यक रहेको बताए।

अर्थशास्त्री विश्वम्भर प्याकुर्‍यालले नेपाल-भारतबीचको व्यापारमा भारतको राज्य सरकारको हस्तक्षेपले समस्या पारेको बताए।

'नेपालको व्यापार भारतको केन्द्रभन्दा राज्य सरकारको अवरोधले प्रभावित बनाएको छ,' उनले भने, 'केन्द्रले एउटा कुरा गर्छ र राज्यले अर्को कुरा गर्दा व्यापारमा अवरोध भइरहेको छ।'